# बर्दिवास नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८

प्रमाणीकरण मिति:२०७८।०

<u>प्रस्तावना</u>

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवरस्तरमा सुधार गरी निवारण गर्ने उद्देश्यले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र नगरपालिका बीच अल्पक वा दीर्घकालीन योजनाहरु संचालन गर्न बर्दिवास नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन कार्यविधिको दफा २५ र २६ कार्यान्वयन गर्न बर्दिवास नगरपालिकाको प्रशासकीय कार्यविधि २०७५को दफा ४ले दिएको अधि बमोजिम यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम **बर्दिवास नगरपालिका** साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ रहेको छ ।

(२) यो कार्यविधि **बर्दिवास नगरपालिका नगर कार्यपालिकाबाट** स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) **"कार्यविधि"** भन्नाले बर्दिवास नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ख) **"कार्यक्रम"** भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्दछ ।

ग) **"नगरपालिका"** भन्नाले **बर्दिवास नगरपालिका, नगर कार्यपालिका**को कार्यालयलाई सम्झनु पर्दछ ।

घ) **"साझेदारी"** भन्नाले संघीय तथा प्रदेश सरकार,स्थानीय तह र तह अर्न्तगतका बर्दिवास न कृषि कार्यक्रम, राष्टिय तथा अन्तराष्टिय गैह्रसरकारी संघ संस्था, सामुदायिक संघ संस्था, दातृ निका सहकारी तथा सहकारी सन्जाल,निजी क्षेत्र, गरिबी निवारण,लघु उद्यम,कृषि तथा पशु विकास,महि विकाससँग सम्बन्धित समुह,आमा समुह र उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरि साझेदारी काम वा योजनालाई सम्झनु पर्दछ ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

ङ) **"सोझै प्राप्त भएको प्रस्ताव"**भन्नाले स्थानीय तहले साझेदारी कार्यक्रमको लागी प्रस्ताव आव्हान नगरेको तर कुनै इच्छुक सरकारी तथा गैरसरकारी संघ सस्था , दातृ निकाय र निजी क्षेत्रबाट पहिचान गरी कार्यान्वयनकोको लागी पेश गरिएको प्रस्तावलाई सम्झनु पर्दछ ।

च) **"सहकारी सन्जाल"** भन्नाले सहकारी संस्थाहरुको साझा सन्जाल अर्थात सहकारीको साझा संस्था सम्झनु पर्दछ ।

छ) "**कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति**" भन्नाले **नगरपालिका प्रमुखको अध्यक्षतामा** गठित समितिलाई सम्झनु पर्दछ ।

ज) **"गैह्रसरकारी संस्था"** भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनु पर्दछ ।

झ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु गर्दछ ।

**३. उदेश्यहरु** : :यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन :

(क) सघीय तथा प्रदेश सरकार,अर्को स्थानीय तह,गैह्रसरकारी संघ सस्था,सहकारी,निजी क्षेत्र,सामुदायिक संध सस्था,समूह तथा उपभोक्ता समुह वा समितिसँग समन्वय तथा सहकार्य गर्ने ।

(ख) नगरपालिकाले सन्चालन गर्ने कार्यमा लागत न्युनीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा संचालन गर्ने ।

(ग) बृहत तथा ठुला आयोजनाको लागी स्रोत सुनिश्चित र प्रभावकारी रुपमा संचालन गर्ने ।

(घ) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

(ङ) कुनै निकाय,संघ सस्था,सहकारी,कार्यक्रमबाट विधिवत रुपमा गठन भई आधिकारिक रुपमा सन्चालित समूह मार्फत स्थानीय. उत्पादन ,स्वरोगारको सृजना,उद्यम व्यवसाय तथा बाजारीकरण,पर्या पर्यटन जस्ता क्षेत्रमा साझेदारी गरी आर्थिक ,सामाजिक तथा सांस्कृतिक विकासमा टेवा पुरयाउने ।

## परिच्छेद २
## साझेदारी कार्यक्रमका क्षेत्र

४. साझेदारी कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछन्-

क) शिक्षा

विद्यालय भौतिक पुर्वाधार,पिउने पानी,पठनपाठन,सिप विकास केन्द्र,सामुदायिक केन्द्र,पुस्तकालय, सम्बाद केन्द्र, बाल विकास तथा प्रोढ शिक्षा तथा अन्य सम्बन्धित कार्य ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

ख) स्वास्थ्य

स्वास्थ्यसंग सम्बन्धित अस्पताल, स्वास्थ्य चौकी,आधारभुत शहरी स्वास्थ्य केन्द्र पूर्वाधार ,क्लिनिक ,प्रयोगशाल,स्वास्थ्य शिक्षा, मातृ तथा वाल स्वास्थ्य र बहुपोषण तथा अन्य स्वास्थ्यसँग सम्बन्धित कार्यहरु ।

ग) कृषि विकास

खाद्यान बाली,तरकारी बाली(मौसमी तथा बेमौसमी),करेशा तथा कौशी तरकारी खेती,रेशम कीरा पालन,च्याउ खेती,फलफुल तथा बगैंचा स्थापना तथा व्यवस्थापन,फलफुल प्रशोधन उद्योग ,कृषि उपज संकलन तथा ढुवानी एवं वाजार स्थापना तथा पूर्वाधार निर्माण,साना सिचाई कार्यक्रम, बाली संरक्षण तथा कृषि सामग्रीको आपुर्ति व्यवस्थापन,कृषि यान्त्रिकीकरण जस्ता अन्य कृषि उत्पादन तथा उत्पादकत्व सँगसँग सम्बन्धित कार्यहरु ।

घ) पशु विकास

गाई भैसी पालन,बाख्रापालन,कुखुरापालन,बंगुरपालन तथा अन्य पशुपन्छी पालन,मत्स्य पालन,खोर तथा गोठ सुधार, पशु प्रजनन केन्द्र तथा हयाचरी स्थापना तथा संचालन र अन्य पशु तथा माछासँग सम्बन्धित कार्यहरु ।

ङ) भौतिक पुर्वाधार

सडक निर्माण तथा स्तरोन्नति(सडक,पुल,कल्भर्ट,ढल,काठे पुल) एवं सडक सौन्दर्यीकरण,नदी,गल्छी तथा पहिरो नियन्त्रण,सतह तथा भुमिगत सिचाई,पोखरी तथा जलाधार संरक्षण, भवन निर्माण,ऐतिहासिक, धार्मिक,सास्कृतिक,पुरातात्विक तथा पर्यटकीय स्थलको संरक्षण,जिर्णेद्धार तथा निर्माण,विपन्न तथा भूमिहीन नागरिकका लागी आवास भवन,बृद्धाश्रम,अनाथलय तथा पुर्नस्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,सार्वजनिक उद्यान,पार्क तथा बसपार्क,सभागृह निर्माण, फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफील साइत निर्माण ,खेलकुद पूर्वाधार अन्य निर्माण सँग सम्बन्धित योजनाहरु ।

च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

बाढीपहिरो,सुख्खा,आगलागी, महामारी जस्ता विपतहरुको उद्धार,राहत तथा पुर्नस्थापना र जलवायु परिर्वतन सँग सम्बन्धित कार्यक्रमहरु ।

छ) खानेपानी तथा सरसफाई

शुद्ध पिउने पानीको लागी टयाँकी,डिप टयुबवेल,चापाकल जस्ता खानेपानी योजना,ढल निकास, सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन,सडक,गल्ली बस्ती एवं शहरी सरसफाई सम्बन्धी योजनाहरु ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

ज) पर्यटन प्रवर्द्धन

ऐतिहासिक, धार्मिक,सास्कृतिक,पुरातात्विक तथा पर्यटकीय स्थलको संरक्षण सर्म्बद्धन सम्बन्धि कार्यक्रमहरु,बिशेष सांस्कृतिक धार्मिक परिपथ र परिपथ भित्र पर्ने सांस्कृतिक,पुरातात्विक तथा पर्यटनका पूर्वाधार निर्माण ,पर्यटकीय गाँउको विकास सम्बन्धि कार्यक्रम(Eco-Tourism) ।

झ) वन,तथा वातावरण संरक्षण

ञ)जैविक विविधता,जडीबुटी पहिचान,उत्पादन,व्यवस्थापन तथा बाजारीकरण

ट) रोजगारी तथा स्वरोजगार सृजना

ठ)सामाजिक संरक्षण, पुन:स्थापना र सचेतना

ड) संस्थागत विकास तथा सुशासन

ढ) सहकारी संस्थाहरुको सवलीकरण

ण) स्थानीय उत्पादनको बजारीकरण,भण्डारण तथा प्रशोधन

त अन्य स्रोतमा आधारित उद्यमहरु

थ)महिला संशक्तिकरण तथा जेष्ठ नागरिक संरक्षण तथा सर्म्बद्धन

## परिच्छेद ३
## कार्यक्रमको संचालन प्रक्रिया तथा छनौटका मापदण्ड

**५. कार्यक्रम सन्चालन प्रक्रिया :** कार्यक्रम सन्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(१) साझेदारी कार्यक्रमको **अनु**लागि समुदायमा आधारित सामाजिक संघ संस्था,निजी क्षेत्र,सहकारी,कृषि तथा पशुपन्छीपालन तथा गरिवी निवारण र महिला विकास समुहबाट प्रास्तवना आव्हान गरेर टोल र वस्ती स्तरबाट कार्यक्रम वा योजनाको छनौट गरी नगर कार्यपालिका/ नगरसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि संचालन गर्न सकिनेछ ।

(३) साझेदारी कार्यक्रम सन्चालन गर्ने ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी तथा अन्य स्थानीय तह वा सरकारलाई लक्षित गरी **अनुसूची १** बमोजिम प्रस्तावको ढाँचामा ३० दिने सुचना प्रकाशन गर्नु पर्नेछ ।

(४) प्रस्तावकहरुले **सुची २** बमोजिमको ढाँचामा निवेदन र सो अनुसारको कागजातहरु सहित अनुसुची ३ बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५)साझेदारी गर्न चाहने स्थानीय तह/दातृ निकाय/गैह्रसरकारी सघसंस्था/सामुदायिक संघसंस्था /सहकारी /निजी क्षेत्र वा उपभोक्ता समितिले कम्तीमा २५ देखि ७५ प्रतिशत सम्म साझेदारी गर्न सक्नेछन् ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

(६)साझेदारी कार्यक्रम नगर कार्यपालिका/नगर सभाको निर्णय बमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ। तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय नगर कार्यपालिका/ नगरसभाले गर्नेछ।

(७) कुनै स्थानीय सामुदायिक संघ संस्थाले पाँच लाख रुपैया सम्म अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्न चाहेमा साझेदारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति समक्ष **सोझै प्रस्ताव पेश** गर्न सकिनेछ।

(८)**"सोझै प्राप्त भएको प्रस्ताव"**को रुपमा स्थानीय तहले साझेदारी कार्यक्रमको लागी प्रस्ताव आव्हान नगरेको तर कुनै इच्छुक सरकारी तथा गैरसरकारी संघ सस्था,दातृ निकाय र निजी क्षेत्रबाट पहिचान गरी कार्यान्वयनकोको लागी साझेदारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति समक्ष सोझै प्रस्ताव पेश गर्न सकिनेछ।

(९) साझेदारी कार्यक्रम अन्तर्गत आयोजनाहरु अन्य निकाय तथा स्थानीय तह र अर्न्तगतका कार्यक्रमहरुसंग मिल्दाजुल्दो (Duplication ) नभएको हुनु पर्नेछ।

(१०) साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा सम्झौता बमोजिमको बजेटको व्यवस्था गर्नुपर्नेछ।

(११)कार्यान्वयनको जिम्मेवारीः साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कस्को हुने भन्ने निर्णय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम हुनेछ।

**६.प्रस्ताव छनौटका मापदण्ड :** साझेदारी कार्यक्रमको प्रस्ताव छनौटका मापदण्ड देहायबमोजिम हुनेछन्-
(१) साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषद्मा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा),नीति तथा निर्णय को प्रतिलिपि प्रस्ताव साथ पेश गरेको हुनु पर्नेछ।

तर यस प्रावधानले स्थानीय तहहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैनं।

(२) सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव भएको हुनु पर्नेछ।

(३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको हुनु पर्नेछ।

(४) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप र जनशक्ति र लजिकल फ्रेमवर्क (Project Logical Frame work) सहितको प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

(५) प्रस्ताव मुल्याँकनका अन्य आधारहरु **अनुसुची ४** बमोजिम हुनेछ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ४

## कार्यक्रम व्यवस्थापन

**७.साझेदारी कार्यक्रम व्यवस्थापन,अनुगमन तथा समन्वय समिति**

(१) साझेदारी कार्यक्रम संचालन,व्यवस्थापन,अनुगमन तथा समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको नगरपालिका स्तरीय कार्यक्रम व्यवस्थापन,अनुगमन तथा अनुगमन समिति रहनेछ-

क) बर्दिवास नगरपालिका नगरप्रमुख-**संयोजक**

ख) बर्दिवास नगरपालिकाको नगर उपप्रमुख- **सदस्य**

ग) **विषयगत समितिका संयोजकहरु- सदस्य**

घ) कृषि विकास वोर्डको कार्यकारी उपाध्यक्ष - **सदस्य**

ङ.) संयोजकले मनोनित गरेको साझेदार संस्थाको एक जना महिला सहित २ जना प्रतिनिधि- **सदस्य**

च) प्रमुख प्रशासकीय अधिकृत- **सदस्य सचिव**

(२)सम्बन्धित विषयगत शाखाका प्रमुखलाई बैठकमा आवश्यकतानुसार आमन्त्रण गरिनेछ।

(३)कृषि विकास वोर्डको कार्यकारी उपाध्यक्ष नियुक्त नभएको अवस्थामा वोर्डका सचिवले प्रतिनिधित्व गर्नेछ।

**८. कार्यक्रम व्यवस्थापन ,अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

छ) कार्यक्रम सन्चालन पुर्व,कार्यक्रम सन्चालन भइरहेको अवस्थामा र कार्यक्रम सम्पन्न भएपछि अनुगमन तथा मुल्याँकन गरी समीक्षा गर्ने ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

८. **साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति :** साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावहरुको मूल्यांकन गरी छनौटको सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिने छ -

क) प्रमुख प्रसाशकिय अधिकृत-- संयोजक

ख) लेखा अधिकृत  - सदस्य

ग) सम्बन्धित शाखाको प्रमुख- सदस्य

घ) कार्यक्रम व्यवस्थापन,अनुगमन तथा समन्वय समितिले तोकेको अधिकृत - सदस्य सचिव

**९.प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकार :**(१) प्रस्ताव छनौट समितिले नगरपालिकाले निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गरी साझेदारी कार्यक्रम संचालन,व्यवस्थापन,अनुगमन तथा समन्वय मा सिफारिश  गर्नेछ ।

(२) साझेदारी कार्यक्रमका प्रस्तावना छनौट समितिबाट सिफारिश भएका प्रस्तावनालाई कार्यक्रम व्यवस्थापन,अनुगमन तथा समन्वय समितिले स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्नेछ र कार्यपालिकाबाट स्वीकृत भए पश्चात नगर कार्यपालिकाले कार्यान्वयन गर्ने छ ।

**१०.कार्यक्रमको कार्यान्वयन,समन्वय तथा सम्पर्क विन्दू(फोकल पर्सन)** : (१) साझेदारी कार्यक्रमका प्रस्तावना कार्यक्रम कार्यान्वयन तथा समन्वयको लागी कार्यक्रमको प्रकृतिसँग मिल्दो नगरपालिकाको सम्बन्धित शाखा र कृषि तथा पशु विकास कार्यक्रमहरु कृषि विकास वोर्डको सचिवालयलाई जिम्मेवारी तोकिनेछ ।

(२) साझेदारी कार्यक्रमको लागी नगरपालिकाको एक जना अधिकृत स्तरको कर्मचारीलाई सम्पर्क विन्दू(**फोकल पर्सन**)तोकिनेछ ।

## परिच्छेद ५
## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

**११.सम्झौता:**साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ५** बमोजिमको ढाँचामा गर्नेछ ।
**१२. भुक्तानी:** साझेदारी कार्यक्रमको भुक्तानी देहायबमोजिम हुनेछ -

(१) सम्झौता भए पश्चात् जम्मा वार्षिक वजेटलाई एक बर्ष वा सो भन्दा लामो अवधिको कार्यक्रम भएमा चौमासिक  रुपमा ३(तीन)किस्तामा विभाजन गरी कार्यक्रम व्यवस्थापन,अनुगमन तथा समन्वय समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप निकासा दिनेछ  । तर एक बर्ष  भन्दा छोटो अवधिको कार्यक्रमको हकमा शुरुमा पहिलो किस्ता स्वरुप



रेवती प्रसाद पयाजुली
प्रमुख प्रशासकीय अधिकृत

बजेटको ५० (पचास) प्रतिशत र कार्य सम्पन्न भए पछि अन्तिम किस्ता स्वरुप ५० (पचास) प्रतिशत रकम निकासा दिइनेछ ।

(२) दफा १२उपदफा (१) बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल,भरपाइका आधारमा फछ्यौंट गरी आगामी चौमासिकको कार्ययोजना साथ कार्यक्रम कार्यान्वयन गर्ने पक्षले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा बाँकी रकम दुई किस्तामा निकासा दिनु पर्नेछ ।

**१३. प्रतिवेदन :** साझेदारी कार्यक्रमको प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः

क) कार्यक्रमको प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार मासिक,चौमासिक र बार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१४. अनुगमन तथा मूल्यांकनः** साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ -

क) कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले कार्यक्रमको नियमिति रुपमा अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि नगरपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्नेछ । सो समितिको सिफारिसमा मात्र अन्तिम भुक्तानी दिइनेछ ।

## परिच्छेद ६
## विविध

**१५.लेखापरीक्षणः**

(१)साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम समाप्त भएपछि प्रचलित कानूनबमोजिम नगरपालिकाले गर्नेछ ।

(२) साझेदार संघ संस्थाहरुले प्रचलित लेखा प्रणाली अनुसारआय व्ययकोको हिसाब किताब राखी बार्षिक रुपमा आ आफनो कारोवारको लेखा परिक्षण गराउदा साझेदारी कार्यक्रमको आय व्ययको समेत लेखा परिक्षण गर्नु पर्नेछ ।

(३) उपदफ (२) बमोजिमको लेखा परिक्षण प्रतिवेदनको एक प्रति नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**१६.सामाजिक परिक्षण :** साझेदार संस्थाबाट सन्चालित कार्यक्रमहरुको गुणस्तर,प्रभावकारिता,असर र प्रभावको सम्बन्धमा एवं आय व्ययको समाजिक परिक्षण गराई संक्षिप्त प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**१७. उत्पादक समूह /कार्य समूह बनाई काम गर्ने :**

(१) उत्पादन तथा सामुहिक कार्य सम्पादन गर्ने प्रकृतिको साझेदारी कार्यका लागी निश्चित व्यक्ति संलग्न उत्पादक समूह वा कार्य समूह निश्चित संख्यामा आवश्यकतानुसार गठन/पुर्नगठन/परिमार्जन गरेर समूहगत उत्पादन वा कार्य गरी आफनो सिकाई हस्तान्तरण गर्न आफुले सोही प्रकृतिको अर्को समूह गठन गरी सिकाई सहित केही विउपुजी हस्तान्तरण गर्ने प्रकृया अवलम्बन गरिनेछ ।

(२) यस उत्पादक समूह/कार्य समूह गठन/पुर्नगठन/परिमार्जन गर्दा सबै सरोकारबाला पक्षहरुको समन्वयमा मात्र गर्नु पर्नेछ ।

**१८.समन्वय :**साझेदारी कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागी संघीय,प्रदेश तथा स्थानीय सरकारका निकायहरु बीच समन्वय गर्ने जिम्मेवारी साझेदारी कार्यक्रम व्यवस्थापन,अनुगमन तथा समन्वय समितिको हुनेछ ।

**१९. खर्चमा बन्देज:** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र क्षेत्रमा खर्च गर्नु पर्नेछ । एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिई मात्र गर्नु पर्नेछ ।

**२०. केसुर र सजाय:**

(१) साझेदारी कार्यक्रमको सम्झौता पश्चात् योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समयसम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ । साथै कार्यक्रम वा योजना पूरा गर्दा लाग्ने खर्चको मूल्यांकन गराई हर्जना समेत व्यहोर्नु पर्नेछ ।

(२) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरिनेछ । यस्तो निर्णय गर्नु पूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ । साथै मूल्यांकनका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको पक्षबाट क्षतिपूर्ति र हर्जना **भराइनेछ ।**

**२१. पारदर्शिता:**

(१) साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गरिनेछ ।

**२२. उत्तरदायित्व:** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

२३. **प्रचलित कानून लागु हुने** :साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२४ **संशोधन तथा हेरफेर** : यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधनर हेरफेर गर्न सक्नेछ ।

२५.**बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने** : नगर कार्यपालिकाले यस कार्यविधिको व्याख्या गर्न तथा बाधा अडकाउ फुकाउन सक्नेछ ।



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची १**

(दफा ५को उपदफा३ संग सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

प्रदेश नं२ ,नेपाल

**साझेदारीमा कार्यक्रम सन्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरुको लागी प्रस्तावना आव्हानको ढाँचा**

सूचना प्रकाशन मिति

बर्दिबास नगरपालिकाको चालु आ.ब........का लागि स्वीकृत .................तर्फको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागी साझेदारी कार्यक्रम सन्चालन तथा व्यवस्थापन कार्यविधि २०७८को अधिनमा रहि ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरु द्धारा तोकिएको शर्त को अधिनमा रही सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्तावना पेश गर्नु हुन यसै सुचनाद्धारा जानकारी गराईन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त(TOR) नगरपालिकाको वेवसाइट www.bardibas mun. gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

कार्यक्रमको विवरण

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम सन्चालन हुने क्षेत्र | विनियोजित रकम ( मु.अ.कर सहित) | प्रस्तावनाको ढाँचा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

(दफा ५को उपदफा ४ सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

प्रदेश नं२ ,नेपाल

### साझेदारीमा कार्यक्रम सन्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरुले दिने आवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बर्दिबास नगरपालिका,नगर कार्यपालिकाको कार्यालय
बर्दिबास,महोत्तरी ।

बिषय : प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरिएको सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा ..........................नगरपालिकाको आ.ब. ..............को स्वीकृत कार्यक्रम अनुसार.................................उदेश्यको लागी .......................................साझेदारी कार्यक्रम कार्यान्वयन गर्न यस ..........................................................संस्थाले प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरेको व्यहोरा अनुरोध छ ।

संलग्न काजातहरु

(क) प्राविधिक तथा आर्थिक प्रस्तावना

(ख) सम्वन्धित संस्थासँग सम्वन्धित कागजातहरु

१.जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता भएको प्रमाण पत्र / नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी

२. स्थायी लेखा नम्बर र आ.ब. .......को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी

३.आ.ब........को लेखा परिक्षण प्रतिवेदन सहित दुई बर्षको लेखा परिक्षण प्रतिवेदन

४.संस्थाको विधान,आर्थिक तथा प्रशासनिक नियमावली, पाश्वचित्र र अनसभव पत्रहरुको प्रतिलिपीहरु

५.लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रयाप्त आधारहरु

६.संयुक्त उपक्रम(Joint Venture)मा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्थाबीचको कार्य जिम्मेवारी खुलेको सम्झौता पत्रको प्रतिलिपी

७.प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त गर्ने व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी

८.संस्था कालो सुचीमा नपरेको स्वघोषणा पत्र



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ३**

(दफा ५को उपदफा५ संग सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

प्रदेश नं२ ,नेपाल

**साझेदारीमा कार्यक्रम सन्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरुले पेश गर्ने प्रस्तावना पत्रको ढाँचा**

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

**भाग १: प्राविधिक प्रस्तावना**

१. परियोजनाको नाम

२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
  - प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हंस्ताक्षरसहित अनुसूचीमा राख्ने)
  - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको समयावधि

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना

१३. परियोजना हस्तान्तरण



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

भाग २. आर्थिक प्रस्तावना

- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

## अनुसूची ४

(दफा ६को उपदफा ५ संग सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

प्रदेश नं२ ,नेपाल

### साझेदारीमा कार्यक्रम सन्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरुको प्रसतावना छनौटका आधारहरु

१.संस्थागत क्षमता

- संस्थाको सम्बन्धित विषयगत क्षेत्रमा अनुभव
- कम्तिमा ३ बर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको विभिन्न निकायसँग साझेदारीमा कार्य गरेको अनुभव

२. प्राविधिक प्रस्तावना

- सयुक्त उपक्रममा प्रस्तावनामा पेश गर्ने प्रमुख र साझेदार संस्था वीचको सहमति पत्र
- सम्वन्धित बिषयगत क्षेत्रका लागी आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रसताबित परियोजना कार्यान्वियन विधि र व्यवस्थापन
- परियोजनाको निरंनतरता र दिगोपना

३. वितिय प्रस्तावना

- कम्तिमा २५ प्रतिशत नगद लगानीको प्रतिबद्धता
- संस्थाको विगत २ बर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता



रेवती प्रसाद घिमिरे(?)
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ५

(दफा ११ संग सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

प्रदेश नं२ ,नेपाल

**साझेदारीमा कार्यक्रम सन्चालन गर्न ईच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी/निजी क्षेत्र/सेवा प्रदायक संस्थाहरुसँग गरिने सम्झौता पत्रको ढाँचा**

**...............साझेदारी कार्यक्रम सन्चालनका लागि बर्दिबास नगरपालिका र................बीच सम्झौता पत्र**

बर्दिबास नगरपालिका(यसपछिको पहिलो पक्ष मानिने) र ...............................(यस पछि दोस्रो पक्ष मानिने गैरसरकारी संस्था ).बीचको आर्थिक तथा प्राविधिक साझेदारीमा तपसिल बमोजिमको आयोजना **साझेदारी कार्यक्रम सन्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ तथा अन्य प्रचलित कानून** को अधिनमा रही सन्चालन गर्नसहमत भई यो सम्झौता गरिएको छ ।

१.कार्यक्रम को संक्षिप्त परिचय

२.कार्यक्रम को नाम

३ सम्झौता अवधि

४. कार्य क्षेत्र

५. जिम्मेवारी बाँडफाँड

५.१. प्रथम पक्षकोजिम्मेवारी

५.२. दोश्रो पक्षको जिम्मेवारी

६.१बजेट र वित्तिय कार्यविधि

६.१.१. परियोजनाको बजेटमा प्रथम र दोश्रो पक्षको लागत साझेदारीको विवरण सम्बन्धमा

६.१.२ बजेट रकमान्तर सम्बनधमा

६.१.३ परियोजनाको विस्तृत बजेट विवरण

६.२.बजेट निकासा सम्बन्धमा

६.२.१ बैंक खाता सम्बन्धमा

६.२.२ पेश्की सम्बन्धमा

६.२.३ बार्षिक बजेट विनियोजन र निकासा सम्बनधमा

६.२.४ अग्रीम कर र मु.अ.कर सम्बन्धमा



रेवती प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

६.२.५ विल भरपाई सम्बन्धमा

६.२.६ विल जारी सम्बन्धमा

६.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमा

६.२.८ पेश्की तालिका विवरण

६.२. ९ स्थानीय साझेदार सम्बन्धमा

६.२.१० विस्तृत कार्यक्रम र बजेट सम्बन्धमा

७. लेखा परिक्षण सम्बन्धमा

८. अनुगमन, तथा मुल्याकन

९. समझौताको खारेजी सम्बन्धमा

१० परियोजना हस्तान्तरण

११. विविध

माथि उल्लेखित शर्तको अधिनमा रही मिति ...................................मा दुबै पक्षद्धारा हस्ताक्षर गरियो

प्रथम पक्षका तर्फबाट

दोश्रो पक्षको तर्फबाट



रेवती प्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची ६**

(दफा १३को क संग सम्बन्धित)

बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमि
- लक्ष्य र उद्देश्य
- कार्य क्षेत्र
- कार्यक्रमबाट लाभन्वित जनसंख्या
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धी (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाई
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष



रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८/०५/०४ गतेका दिन यस बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री विदुर कुमार कार्कीको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि तपसिलका निर्णयहरु गरियो।

**बैठक नं. ६६**

| उपस्थितिः | हस्ताक्षर |
|---|---|
| १. श्री विदुर कुमार कार्की - नगर प्रमुख | |
| २. श्री कृष्णमाया गौतम - नगर उपप्रमुख | कृष्णमाया |
| ३. श्री चुडामणी पोखरेल - वडाध्यक्ष १ | |
| ४. श्री चोलाराज प्याकुरेल - वडाध्यक्ष २ | |
| ५. श्री राजन ढुँजाना - वडाध्यक्ष ३ | |
| ६. श्री दिप बहादुर कार्की - वडाध्यक्ष ४ | |
| ७. श्री दल बहादुर थापा - वडाध्यक्ष ५ | |
| ८. श्री पदम बहादुर आले - वडाध्यक्ष ६ | |
| ९. श्री फाल्गुण सुस्लिङ्ग - वडाध्यक्ष ७ | |
| १०. श्री सम्सेर सिंह लामा - वडाध्यक्ष ८ | |
| ११. श्री टेकवीर रखआल - वडाध्यक्ष ९ | |
| १२. श्री धनलाल श्रेष्ठ - वडाध्यक्ष १० | |
| १३. श्री धन बहादुर लामा - वडाध्यक्ष ११ | |
| १४. श्री रामकिशोर साह - वडाध्यक्ष १२ | |
| १५. श्री श्याम प्रसाद राउत - वडाध्यक्ष १३ | |
| १६. श्री भरत बहादुर लामा - वडाध्यक्ष १४ | |
| १७. श्री चलेक बहादुर माझी कुशवाहा - सदस्य | |
| १८. श्री सुर्य बहादुर बि. क. - सदस्य | |
| १९. श्री कल्पेश्वर ठाकुर - सदस्य | |
| २०. श्री टिकामाया वि. क. - सदस्य | |
| २१. श्री इन्दु सिँह - सदस्य | |
| २२. श्री कुमारी महतो - सदस्य | |
| २३. श्री कलादेवी महतो - सदस्य | बौधराम |
| २४. श्री बच्ची कुमारी नेपली - सदस्य | |
| २५. श्री रेवती प्रसाद पराजुली- सदस्य सचिव | |
| आमन्त्रित - | |
| १. श्री सविर कुमार महतो - अधिकृत | |
| २. श्री शर्मिला कु. तामाङ - ले. अ. | |
| ३. श्री [illegible] - अ. | |

१. आ. व. २०७७/०७८ मा समझौता भई सञ्चालनमा रहेका तपसिलका संलग्न क्रमागत योजना तथा अन्य योजनाहरुको रकम आ. व. २०७८/०७९ मा कार्यसम्पन्न प्रतिवेदन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

२. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नाँपजाँच सम्बन्धी कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

३. तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियोः

१. व्यवसाय कर सम्बन्धी कार्यविधि २०७८

२. घर वहाल कर व्यवस्थापन कार्यविधि २०७८

३. साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८

४. सुरक्षित खानेपानी युक्त समुदाय घोषणा निर्देशिका २०७८

५. खानेपानी गुणस्तर अनुगमण निर्देशिका २०७८

४. आ. व. २०७७/०७८ मा पदपुर्ति हुन नसकेका नगर शिक्षकहरुको पदपुर्तिका लागि आ. व. २०७८/०७९ मा पुनः विज्ञापन गर्ने निर्णय गरियो।

५. आ. व. २०७७/०७८ को विज्ञापन करमा कोरोना माहामारीले सिर्जित विषम परिस्थितिलाई मध्यनजर गरी १५%(पन्ध्र प्रतिशत) छुट दिने र आ. व. २०७८/०७९ को विज्ञापन कर ठेक्का सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

६. आ. व. २०७८/०७९ को लागि नगर स्तरिय दर रेट निर्धारण समितिबाट पेश भएको नगर दररेट स्वीकृती गर्ने निर्णय गरियो।

७. वेवारिसे लास व्यवस्थापन वापत प्रति लास रु. ५,०००/-(अक्षरेपी रु. पाँच हजार) दिने निर्णय गरियो ।

८. रातुखोलाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धी प्राविधिक प्रतिवेदन अनुसार कार्यालयबाट भएको पत्राचारको Contractor हरुबाट आएको जवाफ एवम् माग दावी जानकारी भयो र सो सम्बन्धमा अर्को वैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

९. बर्दिवास जनसेवा हस्पिटलको २५ बेड संख्या बिस्तारका लागि पेश भएको र निर्मल आर्गनिक किसान वायोटेक प्रा. ली. को माछा पोखरी निर्माणका लागि पेश भएको IEE प्रतिवेदन प्राविधिक समितिको राय समेतका आधारमा स्वीकृत गर्ने निर्णय गरियो।

१० नदीजन्य पदार्थको Stock विवरण सम्बन्धमा यस नगरपालिका भित्र रहेका सम्पूर्ण क्रसर तथा वालुवा प्रशोधन उद्योगहरुलाई आधिकारिक प्राविधिकबाट स्रोत सहित नदिजन्य पदार्थ संकलन, उत्खनन बिक्री व्यवस्थापन सम्बन्धी २०७७ बमोजिम १० दिन भित्र कार्यालयमा पेश गर्न पत्रचार गर्ने निर्णय गरियो ।

११. निकासि ठेक्काको सूचना पुनः प्रकाशन गर्ने निर्णय गरियो।